# दुहवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दुहवी, सुनसरी
**प्रदेश नं. १, नेपाल**

प.सं.: ०७६/०७७
च.नं.:

मिति : २०७७।४।२६

सूचना ।　　सूचना ॥　　सूचना ॥।

मिति २०७७/०४/२६ गते सोमबार दिन यस दुहवी नगरपालिका बाट कोभिड १९ रोकथाम तथा व्यवस्थापनको लागि देहाय बमोजिमको निर्णय भएको हुँदा सो अनुसार कार्य गर्न गराउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निर्णयहरु :

१. मिति २०७७।०४।२६ गते देखि २०७७।०४।३२ गते सम्म अति आवश्यक कार्य वाहेक कार्यालयको कामकाज बन्द गर्ने ।
२. पि.सि.आर. रिपोर्ट नेगेटिभ आएका कर्मचारीहरुलाई कार्यालयमा जरुरी भएका वखत हाजिर हुने गरि तयारी रहन निर्देशन गर्ने ।
३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सेवाग्राहीको नविकरणलाई निरन्तरता दिने सो कार्य गर्दा सुरक्षाका आवश्यक उपाय अपनाई भिड भाड नहुने वातावरण बनाई नविकरण कार्य गर्न वडा कार्यलाई निर्देशन दिने ।
४. बैंक, वित्तिय संस्था तथा सहकारीहरुको वाह्य कारोबार बन्द गर्ने र आन्तरीक कार्यलाई निरन्तरता दिने । साथै अति आवश्यक काम भएमा बैंकले आन्तरिक व्यवस्था मिलाउने ।
५. उद्योगहरुमा कोभिड –१९ आपतकालीन व्यवस्थापन सम्वन्धमा
   - उद्योगहरुले कार्यरत जनशक्तिको व्यक्तिगत विवरण अद्यावधिक राखी कुल संख्या, PCR टेष्ट भएको संख्या तथा टेष्ट नभएको संख्या दुहवी नगरपालीका लाई उपलव्ध गराउने ।
   - उद्योगले आफ्नो कुल जनशक्तिको १० प्रतिशत PCR टेष्ट गराउने त्यसको लागी आवश्यक VTM, पि.पि.ई., Gloves र सेनिटाईजर उद्योगले नै व्यवस्थापन गर्ने ।
   - कुल मजदुरको १० प्रतिशत व्यवस्थापन हुने गरी क्वारेन्टाइनको व्यवस्थापन गर्ने ।
   - क्वारेन्टाइन व्यवस्थापनको १० प्रतिशतलाई १०० मानि सो मध्ये १० प्रतिशतका लागी आईसोलेशन बेडको व्यवस्थापन गर्ने ।
   - विदेश तथा संक्रमित ठाउवाट आउने सवारी साधनहरु उद्योगमा प्रवेश गर्दा प्रयाप्त निःसंक्रमण ( Disinfection) हुने व्यवस्था गर्ने र त्यस्ता साधनमा आउने जनशक्तिलाई स्थानीय जनशक्ति सँग घुलमिल हुन नदिने व्यवस्था गर्ने ।
   - उद्योगहरुको अनुगमन गर्दा श्रमिकहरुको व्यक्तिगत विवरण अद्यावधिक नभएको, श्रमिकहरुको विच सामाजिक दुरी कायम नभएको, श्रमिकहरुले सर्जिकल क्याप, Gloves लगाएको नदेखिएको साथै प्रत्येक मजदुर लागी हात सफा गर्न सेनिटाईजरको व्यवस्था नभएको हुँदा व्यक्तिगत विवरण अद्यावधिक राखी अन्य आवश्यक व्यवस्थापन उद्योगले गर्ने ।
   - PCR Swab Collection को लागी जनशक्तिको व्यवस्था तथा कलेक्सन गरिएको स्वाबको परिक्षणको लागी नगरपालिकाले समन्वय गर्ने ।

०७७।४।२६
विनोद कुमार ... 
प्रमुख प्रशासकीय अधिकृत